२६२

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४०३/२०७१/०७२

जिल्ला बाँके सोनपुर गा.वि.स.वार्ड नं. ८ बस्ने राम दुलारे यादव ..............................१ उजुरीकर्ता

विरूद्ध

कार्यालय प्रमुख, मालपोत कार्यालय बाँके नेपालगञ्ज ..............................१ विपक्षी
सूचना अधिकारी, मालपोत कार्यालय बाँके नेपालगञ्ज ..............................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला बाँके सोनपुर गा.वि.स.वार्ड नं. ८ बस्ने राम दुलारे यादवले मालपोत कार्यालय बाँके नेपालगञ्ज समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।२३ मा उजुरी गरेको ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केंही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर उजुरीकर्ताले माग गरेको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः उजुरीकर्ताले माग गरेको तपसिलको सूचना उजुरीकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी मालपोत कार्यालय बाँके नेपालगञ्जका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । उजुरीकर्ताको उजुरीको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी उजुरीकर्तालाई दिनू ।

तपसिल

१. बाँके सोनपुर गा.वि.स ८ ख साविक कि.नं. ९२ जग्गा हाल ऐ ऐ वार्ड नं.८ सिट नं. ०३५।००२३।४ को जग्गा २ नं. नापी गोश्वाराले १ नं. नापी टोलीबाट नक्सा भएको सम्पूर्ण कागज पत्र कुन मितिमा नापी कार्यालयले बुझाएको हो । सो जग्गा सम्बन्धमा १ नं. नापी टोलीले सोनपुर गा.वि.स.मा प्रकाशित गरेको ७ दिने सूचना कि.नं. ३८ मा छेदन अहिर कि.नं. ३९ मा म निवेदकले स्वबासीमा जग्गा दर्ता गरी पाउँ भन्ने निवेदनको कागजपत्र र सो सम्बन्धी निवेदन अनुसार किन अहिलेसम्म निर्णय नभएको हो जानकारी पाउँ साथै कहिले दर्ता हुने हो जानकारी पाउँ ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।